भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।३।४ मा प्रकाशित सूचना

सूचना। सूचना।। सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारका सम्बद्ध निकायबाट जारी निषेध आदेश तथा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ मा जारी प्रेस विज्ञप्तीसमेतलाई मार्ग निर्देशनका रुपमा ग्रहण गरी यस अदालतबाट प्रवाह हुने सेवामा मिति २०७८।१।१६ देखि संकुचन ल्याई त्यसैलाई हालसम्म निरन्तरता दिदै आएको र मिति २०७८।३।७ सम्म निषेध आदेश जारी भएको यहाँहरुलाइ विदितैछ। पछिल्लो समयमा भएको सरोकारवालाहरु मध्येका जिल्ला सरकारी वकिल कार्यालय तथा भक्तपुर जिल्ला बार एशोसियसनसँगको छलफल र परामर्शबाट सहमति भए बमोजिम पूर्व प्रकाशित सूचनामा संकुचन गरिएका कामकारवाही यथावत रहने गरी देहाय बमोजिम उल्लेख भएको थुनुवा मुद्दा र दर्ताद्वारा विवाहको निवेदनको सुनुवाई देहायको मितिबाट गर्ने गरी यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा यस अदालतको मिति २०७८।३।४ गतेको निर्णयानुसार देहाय बमोजिम गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

<u>तपसिल</u>

१. बन्दीप्रत्यक्षीकरणको निवेदन लगायत अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप,पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, CDR को स्वीकृति,घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता, मुद्दा फिर्ता, डिसमिस, तामेली , मिलापत्र ,बालसुधार गृहमा रहेका बालबालिकाको निवेदन दर्ता र सुनुवाइ तथा सजाय निर्धारण सम्बन्धी कामकारवाहीलाई निरन्तरता दिने।

२. मिति २०७८।३।६ गते आइतबार देखि प्रतिवादी थुनामा रहेका थुनुवा भएका मुद्दाको सुनुवाइ क्रमशः आइतवार देखि बिहिवारसम्म एउटा इजलास मात्र संचालन हुने गरी गर्ने ।

३. बिशेष प्रकृतिको निवेदनमध्ये दर्ताद्वारा विवाह सम्बन्धी निवेदन प्रत्येक हप्ताको आइतवार मात्र सुनुवाइ हुने।विवाह दर्ताको निवेदन बिहान ११.०० बजेदेखि अपराह्न २.०० बजेसम्म दर्ता हुनुपर्ने।सो बाहेकका कामकारवाही र सेवा प्रवाहको स्थगनलाई निरन्तरता दिने।

भक्तपुर जिल्ला अदालत
भक्तपुर

४. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

५. स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबले अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने।

६. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर जिल्ला बार एशोसियसन लगायतका सरोकारवालाहरु संग छलफल गरी सेवा प्रवाहमा विस्तार/संकुचन तथा दर्ता र सुनुवाई विधिमा पुनरावलोकन गर्दै जाने ।

स्रेस्तेदार उपसचिव